# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

| | | |
|---|---|---|
| खण्डः ८ | संख्याः २ | मितिः २०८१/०७/१२ |

भाग-२

## भरतपुर महानगरपालिका नगर खेलकुद विकास कार्यविधी,२०७८ (दोश्रो संशोधन २०८१)

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर महानगरपालिका
बागमती प्रदेश, नेपाल

## भरतपुर महानगरपालिका नगर खेलकुद विकास कार्यविधि, २०७८ (दोस्रो संशोधन, २०८१)

पारित मिति:२०८१/०७/०७

प्रस्तावना,

भरतपुर महानगरपालिका नगर खेलकुद विकास कार्यविधि २०७८ लाई दोस्रो संशोधन गर्न वाञ्छनीय भएकाले ।

१ सक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम "भरतपुर महानगरपालिका नगर खेलकुद विकास कार्यविधि २०७८ (दोस्रो संशोधन, २०८१)" रहेको छ ।

ख. मूल कार्यविधि भन्नाले भरतपुर महानगरपालिका नगर खेलकुद विकास कार्यविधि, २०७८ लाई जनाउने छ ।

ग. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

२ मूल कार्यविधिको दफा (५) को उपदफा (४) मा संशोधन ।

क. नगर खेलकुद विकास समितिको काम कर्तव्य र अधिकारमा रहेको "पाठ्यक्रम निर्माण" भन्ने वाक्यांश हटाइएको छ ।

३ मूल कार्यविधिको दफा (६) को उपदफा (३) पछि सदस्य सचिवको काम कर्तव्य र अधिकारमा देहाय बमोजिम उपदफा (३) (क) थप गरिएको छ ।

क. समितिको निर्णय कार्यान्वयन गर्ने ।

४ मूल कार्यविधिको दफा (१३) को उपदफा (५) मा संशोधन ।

क. ..............."आवेदन फाराम बाहेक अन्य शुल्क लाग्ने छैन ।" भन्ने वाक्यांशको सट्टामा ............... "तोकिएको दस्तुर लाग्ने छ ।" भनी संशोधन गरिएको ।

५ मूल कार्यविधिको दफा (१३) को उपदफा (६) मा संशोधन ।

क. "प्रत्येक वर्षको आषाढ मसान्त भित्र ......... नविकरण गराउनुपर्नेछ ।" भन्ने वाक्यांशको सट्टामा "प्रत्येक वर्षको असोज मसान्त भित्र ...........नविकरण गराउनुपर्नेछ ।" भनी संशोधन गरिएको ।

६ मूल कार्यविधिको दफा १३ को उपदफा ११ पश्चात देहाय बमोजिम उपदफा १२ थप गरिएको।

क. उपदफा (६) बमोजिम म्याद नाघेपछि कुनै सस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाणपत्रको नवीकरणको लागि निवदेन दिन आएमा दफा १३ को उपदफा ५ मा तोकिए बमोजिमको दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरीदिन सक्ने छ ।

ख. उपदफा (६) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रू १००।–

ग. खण्ड (ख) को म्याद नाघेपछि सोही आर्थिक वर्ष भित्रको बाँकी अवधिको लागि रू. २५०।–

घ. खण्ड (ग) को म्याद नाघेपछि अर्को आर्थिक वर्षको लागि रू ५००।– का दरले हुन आउने रकम ।

७. मूल कार्यविधिको दफा (७) को उपदफा (२) मा संशोधन ।

क. ........ प्रतिक्रिया ........ शब्दको सट्टा .........प्रकृया ....... शब्द राखिएको ।

---

आज्ञाले

लक्ष्मी प्रसाद पौडेल

प्रमुख प्रसाशकीय अधिकृत